यो आकाशवाणी हो

05-06-2026 sunday

सर्वप्रथम मुख्य  समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदीको भोलिदेखि सुरु हुने इन्डोनेसिया भ्रमणले दुई देशबीचको विद्यमान सम्बन्धलाई अझ सुदृढ बनाउनुका साथै सहकार्यका नयाँ क्षेत्रहरू खुल्ने गरिएको छ अपेक्षा
- राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज सुप्रसिद्ध पण्डवानी गायिका तीजन बाईको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ।
- सरकारले सामाजिक सञ्जाल प्लेटफर्म इन्स्टाग्राममा सशुल्क विज्ञापनमार्फत बाल यौन शोषण तथा दुर्व्यवहारसम्बन्धी सामग्रीको प्रसार भएको विषयमा मेटालाई दिएको छ कडा चेतावनी , अनि
- ICMR-MINDS ले राष्ट्रिय ई–गभर्नेन्स पुरस्कार दुई हजार छब्बीस अन्तर्गत प्राप्त गरेको छ स्वर्ण पदक

---------------

1. प्रधानमन्त्री–जकार्ता

प्रधानमन्त्री नरेन्द्र मोदीको भोलिदेखि सुरु हुने इन्डोनेसिया भ्रमणले दुई देशबीचको विद्यमान सम्बन्धलाई अझ सुदृढ बनाउनुका साथै सहकार्यका नयाँ क्षेत्रहरू खुल्ने अपेक्षा गरिएको छ।

आज जकार्तामा आकाशवाणीसँगको अन्तर्वार्तामा इन्डोनेसियाका लागि भारतीय राजदूत सन्दीप चक्रवर्तीले छ देखि आठ जुलाईसम्म हुने प्रधानमन्त्री नरेन्द्र मोदीको इन्डोनेसिया भ्रमणका क्रममा भारत र इन्डोनेसियाबीच सहकार्यका धेरै नयाँ क्षेत्रहरू खुल्ने तथा दुई ठूला

राष्ट्रबीचको सम्बन्ध अझ बलियो हुने र आर्थिक साझेदारीमा उल्लेखनीय वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो। राजदूत चक्रवर्तीले भारत र इन्डोनेसियाबीच कुनै पनि नकारात्मक विषय, विवाद वा मतभेद नरहेको बताउनुभयो। उहाँले विकसित भारत र स्वर्णिम इन्डोनेसियाको साझा लक्ष्य हासिल गर्न दुवै देशले व्यापक रणनीतिक साझेदारीलाई अझ सुदृढ बनाउने दिशामा काम गरिरहेको उल्लेख गर्नुभयो। उहाँका अनुसार दुवै देशले भारतका आवश्यकता र इन्डोनेसियाको आर्थिक नीतिबीच प्रभावकारी तालमेल स्थापित गर्दै पारस्परिक हितका क्षेत्रमा सहकार्य विस्तार गर्ने प्रयास गरिरहेका छन्।

## 2. राष्ट्रपति–उपराष्ट्रपति–प्रधानमन्त्री–तीजन बाई

राष्ट्रपति द्रौपदी मुर्मु,, उपराष्ट्रपति सीपी राधाकृष्णन तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज सुप्रसिद्ध पण्डवानी गायिका तीजन बाईको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ। राष्ट्रपति मुर्मुले सामाजिक सञ्जालमार्फत श्रद्धाञ्जली अर्पण गर्दै तीजन बाईले आफ्नो सशक्त स्वर, प्रभावशाली व्यक्तित्व तथा अद्भुत प्रस्तुति शैलीमार्फत महाभारतका कथाहरूलाई मञ्चमा जीवन्त बनाएको उल्लेख गर्नुभएको छ। उहाँले असाधारण प्रतिभा, समर्पण र वर्षौंको कठिन साधनाबाट छत्तीसगढको समृद्ध पण्डवानी परम्परालाई भारत तथा विदेशमा प्रतिष्ठित बनाउन तीजन बाईले महत्त्वपूर्ण योगदान पुऱ्याएको बताउनुभएको छ। राष्ट्रपति मुर्मुले भारतको सांस्कृतिक सम्पदाको प्रवर्द्धनमा उहाँको योगदान सधैँ अविस्मरणीय रहने उल्लेख गर्नुभएको छ।

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले सामाजिक सञ्जालमार्फत श्रद्धाञ्जली व्यक्त गर्दै तीजन बाईले आफ्नो अद्भुत स्वर, सशक्त प्रस्तुति र असाधारण कला-कौशलमार्फत भारतको समृद्ध लोक–सांस्कृतिक परम्परा, विशेषगरी महाभारतका कालजयी कथाहरूलाई समाजका सबै तह र वर्गका मानिससम्म पुऱ्याउनुभएको बताउनुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले पनि आफ्ना उत्कृष्ट प्रस्तुतिमार्फत तीजन बाईले छत्तीसगढको पण्डवानी लोककला शैलीलाई विश्वव्यापी परिचय दिलाउन सफल भएको उल्लेख गर्नुभएको छ। उहाँले तीजन बाईको निधन कला र

संस्कृतिको क्षेत्रमा अपूरणीय क्षति भएको बताउँदै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

### 3. छब्बीस. सरकार–मेटा

सरकारले सामाजिक सञ्जाल प्लेटफर्म इन्स्टाग्राममा सशुल्क विज्ञापनमार्फत बाल यौन शोषण तथा दुर्व्यवहारसम्बन्धी सामग्रीको प्रसार भएको विषयमा मेटालाई कडा चेतावनी दिएको छ। आधिकारिक स्रोतका अनुसार सरकारले इन्स्टाग्रामलाई यस्ता सामग्रीको प्रवर्द्धन गर्ने तथा त्यसको पहुँच बढाउने सबै विज्ञापन र सामग्री तत्काल हटाउन निर्देशन दिएको छ। इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले मेटासँग सात दिनभित्र यस विषयमा विस्तृत स्पष्टीकरण पनि मागेको छ। सरकारले भारतका मध्यस्थ सुरक्षा सम्बन्धी दिशानिर्देशहरूको पालना मेटाले गरेको छ वा छैन भन्ने विषयमा समीक्षा गरिरहेको छ।

4. ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले 'विकसित भारत–ग्यारन्टी फर रोजगार एन्ड लाइभलिहुड मिसन (ग्रामीण)– दुई हजार पच्चिस यही एक जुलाई देखि सफलतापूर्वक कार्यान्वयनमा आएकोमा आभार व्यक्त गर्नुभएको छ। उहाँले भिडियो कन्फरेन्समार्फत यस मिसनअन्तर्गत राज्यहरूका लागि पच्चीस हजार करोड रुपैयाँ बराबरको सहायता रकम जारी गर्नुभएको हो। मन्त्री चौहानले मनरेगा पूर्ण रूपमा कार्यान्वयन हुन तीन वर्षभन्दा बढी समय लागेको उल्लेख गर्दै 'विकसित भारत–जी राम जी' भने देशभर केवल एकै दिनमा लागू गरिएको बताउनुभयो। उहाँले 'विकसित भारत' को परिकल्पनालाई तीव्र रूपमा अघि बढाउन यस अभियानअन्तर्गत आगामी पाँच वर्षमा दुई दशमलव आठ छ लाख पञ्चायतमा सात दशमलव पाँच लाख करोड रुपैयाँभन्दा बढी लगानी गरिने जानकारी दिनुभयो।

## 5. तेत्तीस. आई.सी.एमआर–माइन्ड्सलाई

भारतीय चिकित्सा अनुसन्धान परिषद् आई.सी.एम.आर को प्रमुख पहल राष्ट्रिय स्वास्थ्य अनुसन्धान प्राथमिकता परियोजना–आई.सी.एम.आर–माइन्ड्सले राष्ट्रिय ई–गभर्नेन्स पुरस्कार दुई हजार छब्बीस अन्तर्गत स्वर्ण पदक प्राप्त गरेको छ। यो पुरस्कार भारतका केन्द्रीय कार्मिक, जनगुनासो तथा पेन्सन राज्यमन्त्री डा. जितेन्द्र सिंह ले प्रदान गर्नुभएको हो। परिषद्का महानिर्देशक डा. राजीव बहल ले समारोहलाई सम्बोधन गर्दै परिषद् जटिल सार्वजनिक स्वास्थ्य चुनौतीहरूको समाधानका लागि तथ्याङ्कमा आधारित, विस्तार-योग्य प्रविधिमूलक हस्तक्षेपमा अग्रणी भूमिका निर्वाह गर्न निरन्तर प्रतिबद्ध रहने बताउनुभयो।

उहाँले सहभागी संस्थाहरू तथा राज्य स्वास्थ्य प्रणालीसँगको निरन्तर सहकार्य-मार्फत भारतका नागरिकलाई किफायती, मानकीकृत र उच्च गुणस्तरका स्वास्थ्य सेवा प्लेटफर्म उपलब्ध गराउने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो। भारतको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय का अनुसार, आई.सी.एम.आर–माइन्ड्स मानसिक स्वास्थ्य तथा लागू पदार्थ सेवनसम्बन्धी विकारहरूको पहिचान र व्यवस्थापनलाई अन्य नसर्ने रोगहरूसँग एकीकृत गर्ने कार्यान्वयन अनुसन्धान अध्ययन हो।

## 6. एघार. विदेश राज्यमन्त्री – जेनेभा

विदेश राज्यमन्त्री कीर्ति वर्धन सिंहले भोलिदेखि जेनेभामा आयोजना हुने कृत्रिम बुद्धिमत्ता सुशासन-सम्बन्धी संयुक्त राष्ट्रसंघको विश्वव्यापी संवादमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नुहुने भएको छ। भारतीय विदेश मन्त्रालयका अनुसार एआई सुशासनसम्बन्धी विश्वव्यापी संवाद संयुक्त राष्ट्रसंघको महासभाको एक प्रस्तावअन्तर्गत स्थापना गरिएको सार्वभौमिक तथा बहु–सरोकारवालाको साझा मञ्च हो। मन्त्रालयले जनाएको छ कि यो संवादले एआईको अन्तर्राष्ट्रिय सुशासनलाई अघि बढाउने महत्वपूर्ण अवसर प्रदान गर्नेछ। यसले अन्तर्राष्ट्रिय,

क्षेत्रीय, राष्ट्रिय तथा बहु–सरोकारवालाबीच भइरहेका प्रयासलाई थप सुदृढ बनाउनेछ। स्वतन्त्र अन्तर्राष्ट्रिय वैज्ञानिक प्यानलसँगको सहकार्यमा वैज्ञानिक समझ, पारदर्शिता, जवाफदेहिता तथा सुदृढ मानवीय निगरानीलाई प्रवर्द्धन गर्दै यो संवादले विशेषगरी विकासशील राष्ट्रहरूमा क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने विश्वास गरिएको छ, ताकि एआई प्रणालीलाई दिगो विकासका लक्ष्यअनुरूप प्रभावकारी रूपमा उपयोग गर्न सकियोस्।

आकाशवाणीबाट सुन्दैहुनुहुनथ्यो समाचार पूरा भयो